# सार्वजनिक सुनुवाई कार्यक्रम

## आर्थिक बर्ष २०७९/८०

## कार्यक्रम स्थल र मिति

साँगुरीगढी गाउँपालिका वडा नं. ७, महाभारत
२०८० असार १२ गते मंगलवार

## कार्यक्रम आयोजक

साँगुरीगढी गाउँपालिका
भेडेटार, धनकुटा

## प्रतिवेदन पेश गर्ने

हरिबहादुर लम्जेल
विश्रान्ति मिडिया एण्ड रिसर्च सेन्टर, धनकुटा

# सार्वजनिक सुनुवाई कार्यक्रम सम्वन्धि प्रतिवेदन

## १.पृष्ठभूमि

स्थानीय तहहरुले प्रदान गर्ने सेवा सुविधाको सन्दर्भमा स्थानीय तहका पदाधिकारीहरु तथा सरोकारवाला नागरिक वीच सार्वजनिक स्थानमा गरिने खुल्ला छलफल नै सार्वजनिक सुनुवाई हो । यस किसिमको छलफलले शासन संचालनमा पारदर्शिता, नेतृत्वमा जवाफदेहिता र सार्वजनिक चासोका विषयमा आम नागरिकहरुको सूचनामा पहुँचलाई मजबुत बनाउनुका साथै सार्वजनिक सेवा, वस्तु र निर्णय प्रकृयामा आम नागरिकको सहभागितालाई प्रवर्द्धन गर्दछ ।

स्थानीय सरकार र नागरिकहरुका बीच दोहोरो सम्वाद स्थापित गर्न र त्यस्तो सम्वादबाट जनतालाई देश विकासको प्रक्रियामा रचनात्मक प्रतिनिधित्व गराई पारदर्शिताको माध्यमद्वारा स्थानीय स्तरमा विकास निर्माण कार्य र सेवाप्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाई जिम्मेवार, जवाफदेहि, जनउत्तरदायि बनाउन सार्वजनिक सुनुवाई कार्यक्रमको व्यवस्था गरिएको हुन्छ ।

सार्वजनिक सुनुवाई कार्यक्रममा चासोका विषयमा जिम्मेवार पदाधिकारी र सेवाग्राही वीच सवाल जवाफ हुन्छ । साथै सेवाग्राहीले सार्वजनिक वस्तु, सेवा र सुविधा प्रवाहमा आगामी दिनमा गरेका सुधारहरु समेत प्रफुष्टित हुने र जिम्मेवार पदाधिकारीहरुबाट उक्त सुधारहरु हासिल गर्ने सम्भावनाहरुको वारेमा जानकारी प्रदान गर्ने प्रकृयाबाट सुधारका प्रतिवद्धताहरु समेत तयार भएका छन् । सार्वजनिक सुनुवाई कार्यक्रममा व्यक्त भएका प्रतिवद्धता कार्यान्वयनबाट सुधारको अपेक्षा गर्न सकिएको छ ।

गाउँपालिका कार्यालयबाट सञ्चालन भएका योजना तथा कार्यक्रमहरुले अपेक्षा गरिएका उपलब्धी हासिल गरे कि गरेनन्, ती योजना तथा कार्यक्रमले जनतामा के कस्तो परिवर्तन भयो, योजना तथा कार्यक्रम सञ्चालन गर्दा के-कस्ता समस्या देखिए र योजना तथा कार्यक्रममा जनताको अपेक्षा र गुनासो के छ भन्ने विषयमा जानकारी लिने र जनताका समस्याहरुको विषयमा छलफल गर्न सार्बजानिक सुनुवाई कार्यक्रमले महत्वपुर्ण योगदान दिएको छ ।

साँगुरीगढी गाउँपालिका कार्यालयबाट प्रवाह हुने सेवाको विषयमा गाउँपालिकास्तको रसार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भइसकेको हुँदा संयोजनको रुपमा विश्रान्ति मिडिया एण्ड रिसर्च सेन्टर धनकुटाको तर्फवाट प्रतिवेदन तयार गरिएको छ ।

## २. सार्वजनिक सुनुवाई कार्यक्रमबाट निम्न उद्धेश्य पुरा भएका छन् :

१. साँगुरीगढी गाउँपालिका कार्यालयको काम, कारवाही, सेवा प्रवाह, योजना एवम् कार्यक्रम, बजेट जस्ता सार्वजनिक विषयमा सम्बन्धित सेवा प्रदायक र सेवाग्राही वीच अन्तरक्रिया गराउने उद्देश्य पुरा भएको छ,

२. सेवाग्राही प्रति सेवाप्रदायकलाई जवाफदेही बनाउने र सेवाग्राहीहरुको गुनासो वा जिज्ञासाहरुको वारेमा हाकाकाही प्रश्नोत्तर गर्ने उद्देश्य पुरा भएको छ,

३. सुशासन ऐन तथा नियमावलीमा व्यवस्था भए बमोजिम सूचनाको हकको प्रत्याभूति गराउने उद्देश्य पुरा भएको छ,

४. स्थानीय तहका जननिर्वाचित प्रतिनिधि तथा विषयगत शाखा प्रमुखहरुलाई नागरिक प्रति जवाफदेहि बनाउने उद्देश्य पुरा भएको छ,

५. सार्वजनिक सेवा तथा विकास निर्माणका कार्यहरुमा नागरिकहरुको सहभागिता वृद्धि गर्ने उद्देश्य पुरा भएको छ,

६. नागरिकबाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गर्ने तथा आगामी दिनमा सोको कार्यान्वयन गर्ने उद्देश्य पुरा भएको छ,

७. जनप्रतिनिधि तथा कर्मचारीहरुमा जवाफदेहिताको संस्कार बसाउने उद्देश्य पुरा भएको छ,

## ३. सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भएप्र्श्चात प्राप्त उपलब्धीहरू :

१. साँगुरीगढी गाउँपालिकामा सार्वजनिक सुनुवाई कार्यक्रम संचालन हुनेभएपछि कार्यक्रम मार्फत गाउँपालिका र वडामा संचालन भएका योजना तथा कार्यक्रम र सेवाका बिषयमा त्यस क्षेत्रका सेवाग्राहीलाई जानकारी प्राप्त भएको छ ।

२. जनताका गुनासाहरुलाई कार्यक्रम स्थलवाटै सुनुवाई गर्ने अवसर प्राप्त भएको छ ।

३. सार्वजानिक सुनुवाई मार्फत विकास निर्माणका योजना तथा कार्यक्रमहरुलाई पारदर्शी, जवाफदेही र जनता प्रति उत्तरदायी बनाउन सकिनेछन् । जनताका गुनासो र सुझावको आधारमा विकास निर्माणका थप योजना तथा कार्यक्रमहरुलाई आगमी दिनमा परिमार्जन गर्ने अवसर मिलेको छ ।

## ४. विधि

### १.१ समन्वय तथा प्रचार प्रसार

गाउँपालिकाबाट प्रवाह हुने सेवाको विषयमा सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गर्न गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, योजना तथा प्रशासन प्रमुख, इञ्जिनियर सहित गाउँपालिकाका कर्मचारी, वडाध्यक्ष सहित वडा समितिका सदस्यहरु, वडा सचिव तथा कर्मचारीहरुलाई जानकारी गराइएको थियो । कार्यक्रम हुने स्थानको सम्वन्धित वडाका जनप्रतिनिधि र कर्मचारीहरुलाई फोनबाट सूचना गराइएको थियो । त्यस्तै वडा मार्फत पनि विभिन्न योजनाका उपभोक्ता समितिका अध्यक्ष सहित पदाधिकारी, निर्माण व्यवसायि, सरोकारवाला तथा सेवाग्राही, राजनैतिक दल, गैसस वुद्धिजीवि, संचारकर्मी एवम् वडावासीलाई सूचना गराइएको थियो । वडा कार्यालयमा उपस्थितिको लागि वडा कार्यसँगको सहजीकरणमा पत्रचार समेत गरिएको थियो ।

### १.२ सूचना तथा राय संकलन

#### क) बहिर्गमन अभिमत

सेवाग्राहीले सेवा लिने वित्तिकै सेवा प्रतिको धारणा लिन बहिर्गमन अभिमत लिने गरिन्छ । साँगुरीगढी गाउँपालिकाको वडा कार्यालयवाट सेवा, वस्तु तथा सुविधा प्राप्त गरि बाहिरिएका नागरिक मध्येबाट आकस्मिक नमुना छनौट विधि प्रयोग गरि कम्तीमा ५६ जनालाई बहिर्गमन अभिमत सूचना संकलन गरिएको थियो । त्यसरी संकलित अभिमतको नतिजा सार्वजनिक सुनुवाई कार्यक्रममा प्रस्तुत गरियो । यसरी बहिर्गमन अभिमतका लागि छनौटमा परि अभिमत दिने सबैजनालाई सार्वजनिक सुनुवाई कार्यक्रममा भाग लिन निमन्त्रणा गरिएको थियो ।

#### ख) नागरिक प्रतिवेदन पत्र

नागरिक प्रतिवेदन पत्रको लागि फारामको प्रयोग गरी वडा सहित वडाका विभिन्न स्थानमा गई अर्न्तवार्ता लिइएको थियो । नागरिक प्रतिवेदन पत्रको लागि दलित, जनजाती, क्षत्री/बाहुन, बालवालिका, महिला, पिछडिएका वर्गको प्रतिनिधित्व भएको थियो । संकलित नागरिक विचारलाई विश्लेषण गरि सार्वजनिक सुनुवाई कार्यक्रममा प्रस्तुत गरिएको थियो । नागरिक प्रतिवेदन पत्रका लागि अन्तरवार्तामा भाग लिएका सम्पूर्ण उत्तरदाताहरुलाई सार्वजनिक सुनुवाई कार्यक्रममा भाग लिन निमन्त्रणा गरिएको थियो ।

#### ग) नागरिक वडापत्र अनुसार सार्वजनिक सेवा प्रवाह सम्बन्धि अध्ययन

गाउँपालिकाबाट प्रवाह हुने सेवाको लागि दर्ता, जन्मदर्ता, नागरिक वडा पत्रमा उल्लेख भए अनुसारको कार्य सम्पादन गरे नगरेको वारे स्थल रुपमा पुगि अवलोकन गरिएको थियो । वडामा सूचना टाँस गर्ने सूचना पाटी, सुझाव पेटिका छ छैन भन्ने विषयमा अवलोकन गरिएको थियो ।

सााँगुरीगढी गाउँपालिका

# सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धि प्रतिवेदन

आ.व. २०७९/८०

| | |
|---|---|
| कार्यक्रम सम्पन्न मितिः | २०८० असार १२ गते मंगलवार |
| स्थानः | सााँगुरीगढी गाउँपालिका-७, महाभारत |
| कार्यक्रम सहजकर्ता :<br>तथा संयोजक | हरिबहादुर लम्जेल<br>विश्रान्ति मिडिया एण्ड रिसर्च सेन्टर |
| सभापतिः | पूर्णप्रसाद राई<br>वडा अध्यक्ष<br>सााँगुरीगढी गाउँपालिका वडा नं.-७ वडा कार्यालय |
| प्रमुख अतिथि | जितेन्द्र राई<br>(अध्यक्ष)<br>सााँगुरीगढी गाउँपालिका, धनकुटा |
| विशेष अतिथि | मुना राई<br>(उपाध्यक्ष)<br>सााँगुरीगढी गाउँपालिका, धनकुटा |
| अतिथि | मनोजकुमार ठाकुर<br>(प्रमुख प्रशासकीय अधिकृत)<br>सााँगुरीगढी गाउँपालिका, धनकुटा<br><br>सुदिपकुमार भट्टराई<br>(लेखापाल)<br>सााँगुरीगढी गाउँपालिका, धनकुटा<br><br>हरिलाल शाह<br>(प्रधानाध्यापक)<br>गोलखाडी मा.वि |

**कार्यक्रमको औचित्य माथि प्रकाशः** मनोजकुमार ठाकुर (प्रप्रअ), सााँगुरीगढी गाउँपालिका

**कार्यक्रम संचालन :** दोर्ण राई, योजना तथा प्रशासन शाखा प्रमुख, सााँगुरीगढी गाउँपालिका

**नागरिक प्रतिवेदन प्रस्तुतिकरण :** हरिबहादुर लम्जेल, विश्रान्ति मिडिया एण्ड रिसर्च सेन्टर

# साँगुरीगढी गाउँपालिका
# सार्वजनिक सुनुवाई कार्यक्रम
२०८० असार १२ गते मंगलवार

उठेका प्रश्न/जिज्ञासा

| क्र.सं. | नाम थर ठेगाना | पिरमर्का गुनासाका विषय | सुधार समाधानका उपाय |
|---|---|---|---|
| १ | देवेन्द्र राई (स्थानीय) साँगुरीगढी गाउँपालिका-७ महाभारत, धनकुटा | ⇨ वडाध्यक्षज्यूले सहयोगको कुरा गरिरहँदा सहयोगको स्रोत व्यक्तिगत हो की राज्यको ? स्पष्ट पारिदिनु पर्ने । उक्त सहयोग उहाँले कहाँ र कसलाई दिनुभयो ?<br>⇨ | ⇨ वडाध्यज्यूले गर्ने सहयोग व्यक्तिगत हो की राज्यको ? उक्त सहयोग कहाँ र कसलाई दिनु भयो भन्ने विषयमा स्पष्ट पार्नुपर्ने । |
| २ | गजेन्द्र राई (स्थानीय) साँगुरीगढी गाउँपालिका-७ महाभारत, धनकुटा | ⇨ बजेट विनियोजन पारदर्शिता भएन ।<br>⇨ श्रीजंग सेवा प्राविको जस्तापाता कहिले दिने हो ? स्वास्थ्य चौकीको छानो कहिले वन्छ ।<br>⇨ खानेपानीको पाइप राज्यले वितरण गरेको हो की पार्टीले वडाध्यक्षज्यूले स्पष्ट पारिदिनु पर्ने ? | ⇨ वडाको बजेट छनोटको विषयमा स्पष्ट पार्नुपर्ने ।<br>⇨ श्रीजंग सेवा प्राविको जस्तापाता कहिले दिने हो ? स्वास्थ्य चौकीको छानो कहिले वन्छ भन्ने विषयमा स्पष्ट पार्नुपर्ने ।<br>⇨ खानेपानीको पाइप राज्यले वितरण गरेको हो की पार्टीले वडाध्यक्षज्यूले स्पष्ट पार्नुपर्ने । |
| ३. | टिकामाया राई (स्थानीय) साँगुरीगढी गाउँपालिका-७, धनकुटा | ⇨ गोलखाडी मावि माथिको वाटो पहिरोले भत्काएको धेरै समय भइसक्यो । उक्त वाटोमा रहेको पहिरो व्यवस्थापन नहुँदा त्यहाँ मुनि रहेको ६/७ घर जोखिममा छ । अहिले पनि पानी पर्ने वित्तिकै त्रास हुन्छ । वाटो मर्मत कहिले हुन्छ । | ⇨ गोलखाडी मावि माथिको वाटो पहिरोले भत्काएको धेरै समय भएको हुँदो वाटोमा रहेको पहिरो व्यवस्थापन नहुँदा त्यहाँ मुनि रहेको ६/७ घर जोखिममा छ । अहिले पनि पानी पर्ने वित्तिकै त्रास हुन्छ । वाटो मर्मत कहिले हुन्छ भन्ने विषयमा स्पष्ट पार्नुपर्ने । |
| ४ | मनिषा राई (विद्यार्थी) गोलखाडी मा.वि. साँगुरीगढी गाउँपालिका-७, धनकुटा | ⇨ हामी अध्ययरत गोलखाडी माध्यमिक विद्यालयमा मावि दरवन्दी नहुँदा पठनपाठनमा समस्या भयो । कम्प्यूटर पर्याप्त छ, शिक्षक छैनन् । खेलकुद गतिविधि र साँस्कृतिक कार्यक्रमका लागि बजेट विनियोजन हुनु पर्‍यो । | ⇨ गोलखाडी माध्यमिक विद्यालयमा मावि दरवन्दी नहुँदा विद्यार्थीलाई पठनपाठनमा समस्या भएको, कम्प्यूटर पर्याप्त भएपनि शिक्षक नभएको र खेलकुद गतिविधि र साँस्कृतिक कार्यक्रमका लागि बजेट विनियोजन हुनु पर्ने विषयमा स्पष्ट पार्नुपर्ने । |
| ५ | कृष्णकुमार राई (स्थानीय) साँगुरीगढी गाउँपालिका-७, धनकुटा | ⇨ योजनाको करकट्टा आवश्यक भन्दा वढी भयो ? | ⇨ योजनाको करकट्टा आवश्यक भन्दा बढी भएको विषयमा स्पष्ट पार्नुपर्ने । |

| | | | |
|---|---|---|---|
| ६ | विरवहादुर राई (स्थानीय) साँगुरीगढी गाउँपालिका-७, धनकुटा | ➪ आहाले-महाभारत क्षेत्रका सडकमा राज्यको लगानी धेरै भइसक्यो तर अहिले सम्म पनि नियमित रुपमा यात्रुवाहक सवारी साधन चल्न सकेको छैन । स्थानीयले धेरै दुख पाए । गाउँपालिकाको यस विषयमा धारणा के छ ?<br><br>➪ किसानले उत्पादन गरेको तरकारी विक्री वितरणमा विचौलियाको हावी भयो । जसको कारण किसानले उचित भाउ पाएनन् । गाउँपालिकाले कृषि संकलन केन्द्र निर्माण गर्नु पर्‍यो ।<br><br>➪ ४ वटा वडामा खानेपानी योजना वर्षेनी संचालन हुन्छ । वनेको ६ महिना नपुग्दै खानेपानी अभाव हुन्छ । १ वर्ष नवित्दै मर्मत सम्भार गर्नुपर्ने अवस्था छ । गाउँपालिकाले खानेपानीको दिगो स्रोतका लागि के के पहल तथा काम गरिरहेको छ ? | ➪ आहाले-महाभारत क्षेत्रका सडकमा राज्यको लगानी धेरै भइसक्यो तर अहिले सम्म पनि नियमित रुपमा यात्रुवाहक सवारी साधन चल्न सकेको छैन । स्थानीयले धेरै दुख पाए । गाउँपालिकाको यस विषयमा धारणा के छ भन्ने विषयमा स्पष्ट पार्नुपर्ने ।<br>➪ किसानले उत्पादन गरेको तरकारी विक्री वितरणमा विचौलियाको हावी भयो । जसको कारण किसानले उचित भाउ पाएनन् । गाउँपालिकाले कृषि संकलन केन्द्र निर्माण गर्नु पर्ने विषयमा स्पष्ट पार्नुपर्ने ।<br>➪ ४ वटा वडामा खानेपानी योजना वर्षेनी संचालन हुन्छ । वनेको ६ महिना नपुग्दै खानेपानी अभाव हुन्छ । १ वर्ष नवित्दै मर्मत सम्भार गर्नुपर्ने अवस्था छ । गाउँपालिकाले खानेपानीको दिगो स्रोतका लागि के के पहल तथा काम गरिरहेको छ भन्ने विषयमा स्पष्ट पार्नुपर्ने । |
| ७ | भीमाश्वर राई (प्रधानाध्यापक) श्री लोकप्रिय प्रा.वि साँगुरीगढी गाउँपालिका वडा नं. ७, धनकुटा | ➪ विद्यालयमा शौचालय नहुँदा धेरै समस्या भयो । यस भन्दा अघि वडा मार्फत् गाउँपालिकालाई पनि धेरै भनियो तर सुनुवाई भएन ? | ➪ विद्यालयमा शौचालयको समस्या पटक पटक भन्दा पनि किन समाधान हुन सकेन भन्ने विषयमा स्पष्ट पार्नुपर्ने । |

| क्र.सं. | प्रश्नकर्ता वा गुनासो गर्ने वा सुझाव दिनेको नाम थर | सहभागीको प्रश्न | जवाफदिने अधिकारीको नाम ठेगाना | जवाफको छोटकरी व्यहोरा |
|---|---|---|---|---|
| १ | देवेन्द्र राई (स्थानीय) साँगुरीगढी गाउँपालिका-७ महाभारत, धनकुटा | ➪ वडाध्यक्षज्यूले सहयोगको कुरा गरिरहँदा सहयोगको स्रोत व्यक्तिगत हो की राज्यको ? स्पष्ट पारिदिनु पर्ने । उक्त सहयोग उहाँले कहाँ र कसलाई दिनुभयो | पूर्णप्रसाद राई (वडाध्यक्ष) साँगुरीगढी गाउँपालिका वडा नं. ७, धनकुटा | ➪ मैले गर्ने सहयोग राज्यको होइन । म जनप्रतिनिधि भएपछि राज्यले उपलब्ध गराएको सेवा सुविधाबाट सहयोग गरिरहेको छु । आगामी दिनमा पनि गरिरहने छु । विशेषगरी स्थानीय जनताको उपचार लागि, ससाना सामान खरिदका लागि सहयोग गर्दै आइरहेको छु । |

| | | | | |
|---|---|---|---|---|
| | | ?<br>⇨ | | |
| २ | गजेन्द्र राई (स्थानीय) साँगुरीगढी गाउँपालिका-७ महाभारत, धनकुटा | ⇨ बजेट विनियोजन पारदर्शिता भएन । | पूर्णप्रसाद राई (वडाध्यक्ष) साँगुरीगढी गाउँपालिका वडा नं. ७, धनकुटा | ⇨ टोलगत छलफल तथा राजनैतिक पार्टी समेतको सहभागितामा वडास्तरीय योजना बजेट छनोट भएको छ । |
| | | | जितेन्द्र राई (अध्यक्ष) साँगुरीगढी गाउँपालिका, धनकुटा | ⇨ बजेट राज्यको दायित्व प्रचलित कानून बमोजिम विनियोजन हुन्छ । दलगत स्वार्थमा बजेट विनियोजन गरिएको छैन । |
| | | ⇨ श्रीजंग सेवा प्राविको जस्तापाता कहिले दिने हो ? स्वास्थ्य चौकीको छानो कहिले वन्छ । | जितेन्द्र राई (अध्यक्ष) साँगुरीगढी गाउँपालिका, धनकुटा | ⇨ खरिद प्रक्रिया सुरु भएको छ । जनसेवा प्राविको लागि जस्तापाता तत्काल उपलब्ध गराउने छौं । त्यस्तै स्वास्थ्य चौकीको छानो पनि चाँडै मर्मत गर्छौं । |
| | | ⇨ खानेपानीको पाइप राज्यले वितरण गरेको हो की पार्टीले वडाध्यक्षज्यूले स्पष्ट पारिदिनु पर्ने ? | पूर्णप्रसाद राई (वडाध्यक्ष) साँगुरीगढी गाउँपालिका वडा नं. ७, धनकुटा | ⇨ खानेपानीको पाइप पार्टीले होइन राज्यले दिने हो । यो पटक व्यक्तिगत रुपमा कसैलाई दिएका छैनौं । उपभोक्ता समितिलाई वितरण गर्नेछौं । |
| | | | जितेन्द्र राई (अध्यक्ष) साँगुरीगढी गाउँपालिका, धनकुटा | ⇨ खानेपानीको विषयमा के भएको हो यस विषयमा अध्ययन गरेर २/४ दिनभित्र वडाध्यक्ष मार्फत् जानकारी गराउनेछौं । |
| ३ | टिकामाया राई (स्थानीय) साँगुरीगढी गाउँपालिका-७, धनकुटा | ⇨ गोलखाडी मावि माथिको वाटो पहिरोले भत्काएको धेरै समय भइसक्यो । उक्त वाटोमा रहेको पहिरो व्यवस्थापन नहुँदा | जितेन्द्र राई (अध्यक्ष) साँगुरीगढी गाउँपालिका, धनकुटा | ⇨ प्रदेश प्राविधिक पूर्वाधार कार्यालयसँग समन्वय गर्दा ढिलासुस्ती गर्ने निर्माण व्यवसायीलाई कानूनी कार्वाही गरिने जानकारी प्राप्त भएको छ ।<br>पहिरोस्थल मुनि रहेको वस्तीलाई स्थानान्तरण गर्नका लागि जिल्ला |

| | | | | |
|---|---|---|---|---|
| | | त्यहाँ मुनि रहेको ६/७ घर जोखिममा छ । अहिले पनि पानी पर्ने वित्तिकै त्रास हुन्छ । वाटो मर्मत कहिले हुन्छ । | | स्तरको विपद् व्यवस्थापन समितिको वैठकमा प्रस्ताव गरेको जानकारी गराउँदछु । |
| ४ | मनिषा राई (विद्यार्थी) गोलखाडी मा.वि. साँगुरीगढी गाउँपालिका-७, धनकुटा | ⇨ हामी अध्ययरत गोलखाडी माध्यमिक विद्यालयमा मावि दरवन्दी नहुँदा पठनपाठनमा समस्या भयो । कम्प्यूटर पर्याप्त छ, शिक्षक छैनन् । खेलकुद गतिविधि र साँस्कृतिक कार्यक्रमका लागि बजेट विनियोजन हुनु पर्‍यो । | जितेन्द्र राई (अध्यक्ष) साँगुरीगढी गाउँपालिका, धनकुटा<br><br>मनोजकुमार ठाकुर (प्रमुख प्रशासकीय अधिकृत) साँगुरीगढी गाउँपालिका, धनकुटा | ⇨ दरवन्दी अभावको विषयमा शिक्षा शाखाबाट वुझ्रेर विद्यालय मार्फत जानकारी गराउँदछु ।<br><br>⇨ हरेक वर्षको वजेटमा वालवालिकाहरुको लागि विविध योजना तथा कार्यक्रमका लागि बजेट विनियोजन गरिएको छ । शिक्षा शाखा मार्फत विद्यालयमा । विद्यालय मार्फत शिक्षा शाखामा योजना माग भएर विनियोजन गर्न सकिन्छ । |
| ५ | कृष्णकुमार राई (स्थानीय) साँगुरीगढी गाउँपालिका-७, धनकुटा | ⇨ योजनाको करकट्टा आवश्यक भन्दा वढी भयो ? | सुदिप कुमार भट्टराई (लेखापाल) साँगुरीगढी गाउँपालिका, धनकुटा | ⇨ योजनाको करकट्टा नियमानुसार नै हुने गरेको छ । |
| ६ | विरवहादुर राई (स्थानीय) साँगुरीगढी गाउँपालिका-७, धनकुटा | ⇨ आहाले-महाभारत क्षेत्रका सडकमा राज्यको लगानी धेरै भइसक्यो तर अहिले सम्म पनि नियमित रुपमा यात्रुवाहक सवारी साधन चल्न सकेको छैन । स्थानीयले धेरै दुख पाए । गाउँपालिकाको यस विषयमा धारणा के छ ?<br><br>⇨ किसानले उत्पादन गरेको तरकारी विक्री वितरणमा विचौलियाको | जितेन्द्र राई (अध्यक्ष) साँगुरीगढी गाउँपालिका, धनकुटा | ⇨ आहाले महाभारत क्षेत्रमा यात्रुवाहक सवारी साधन संचालनको लागि निजी व्यवसायी आतुर छन् । पटक पटक छलफल भइरहेको छ । भोगौलिक विकटताको समस्या छ । गाउँपालिकाले आफै जेसिवी खरिद गर्ने तयारी गरिरहेको छ । सडकको स्तरउन्नती गरेर यस क्षेत्रका स्थानीयको पालिका केन्द्रसम्म सिधै पहुँच पुग्ने गरी सवारी साधन चलाउने योजनामा छौं ।<br><br>⇨ किसानको यो समस्यालाई समाधान गर्न गाउँपालिकाले कृषि संकलन केन्द्र निर्माणको |

| | | | | |
|---|---|---|---|---|
| | | हावी भयो । जसको कारण किसानले उचित भाउ पाएनन् । गाउँपालिकाले कृषि संकलन केन्द्र निर्माण गर्नु पऱ्यो ।<br><br>⇨ ४ वटा वडामा खानेपानी योजना वर्षेनी संचालन हुन्छ । वनेको ६ महिना नपुग्दै खानेपानी अभाव हुन्छ । १ वर्ष नवित्दै मर्मत सम्भार गर्नुपर्ने अवस्था छ । गाउँपालिकाले खानेपानीको दिगो स्रोतका लागि के के पहल तथा काम गरिरहेको छ ? | | योजना बनाइरहेको छ ।<br><br>⇨ खानेपानीको दिगो विकासका लागि मुहान संरक्षण आवश्यक छ । यो विषयमा गाउँपालिकाले योजना वनाइरहेको छ । |
| ७ | भीमाश्वर राई (प्रधानाध्यापक) श्री लोकप्रिय प्रा.वि साँगुरीगढी गाउँपालिका वडा नं. ७, धनकुटा | ⇨ विद्यालयमा शौचालय नहुँदा धेरै समस्या भयो । यस भन्दा अघि वडा मार्फत् गाउँपालिकालाई पनि धेरै भनियो तर सुनुवाई भएन ? | मुना राई (उपाध्यक्ष) साँगुरीगढी गाउँपालिका, धनकुटा | ⇨ आगामी आर्थिक वर्षको लागि अहिले योजना तथा कार्यक्रम तयारीको संघारमा छौं । पक्कै पनि तपाईको समस्यालाई सम्वोधन गर्ने प्रयासमा छौं । |

**अनुसूची-२**

**बुँदा नम्बर ३.६.१ सँग सम्वन्धित प्रश्नावली भाग-१**

**नागरिक प्रतिवेदन (Citizen Report Card)**

**(सन्तुष्टि वा असन्तुष्टि जनाउने)**

**व्यक्तिगत विवरण : जम्मा ५६ जना (साँगुरीगढी गाउँपालिका वडा नं. ७)**

१) **लिङ्ग** : (क) महिला : २७ (ख) पुरुष : २९

**(२) जातीगत समुह :**

(क) दलित : १५ (ख.) जनजाती : ४० (ग) क्षत्री/बाहुन :१ (घ) मधेसी : ०

**(३) शिक्षाः**

(क) साक्षर : २७ (ख.) एसएलसी : १३ (ग) एसएलसी भन्दा माथीः १६

**(४) पेसाः**

(क) कृषि : ७ (ख) ब्यापार : २३ (ग) नोकरी : २३

(घ) विद्यार्थीः ३ (ङ) राजनीति :० (च) समाजसेवा : ०

**(५) उमेर समुहः**

(क) १ देखि १८ बर्षः ७ (ख) १९ देखि ४० बर्ष : ३०

(ग) ४० देखि ७० बर्षः १९ (घ) ७० बर्ष माथीः०

**१. सेवाको सन्तुष्टि**

**१.१ तपाईले यस कार्यालयबाट समग्रमा कतिको सन्तुष्टि पाउनु भयो ?**

सन्तुष्ट (२८) ठिकै (१९) असन्तुष्ट (९)

**१.२ सेवा लिन जाँदा कर्मचारीको व्यवहार प्रति तपाई कत्तिको सन्तुष्ट हुनुहुन्छ ?**

सन्तुष्ट (२०) ठिकै (२८) असन्तुष्ट (८)

**२. सेवाको नियमितता**

**२.१ नागरिक वडापत्रमा उल्लेख भए अनुसार तपाईले प्राप्त गर्नुपर्ने सेवामा लागेको समय प्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ?**

सन्तुष्ट (३०) ठिकै (२६) असन्तुष्ट (०)

**२.२ कार्यालय नियमित रुपमा (कर्मचारीको उपस्थिति, समय पालना, कार्य चुस्तता) संचालन भएको छ भन्ने कुरामा कतिको विश्वस्त हुनुहुन्छ ?**

विश्वस्त (२०) ठीकै (१९) अविश्वस्त (१७)

**२.३ तपाईले सेवा लिन जाँदा अतिरिक्त रकम तिर्नु भयो ?**

तिरेको छैन (३८)	एकदमै कम (१०)	धेरै तिरेको (८)

**२.४ यस कार्यालयले सार्वजनिक चासो तथा समस्या समाधान गर्न औसत कति दिन लगाउने गरेको छ ?**

१ दिन (१२)	२ दिन (१९)	धेरै दिन (२५)

## ३. सेवा प्रति जनविश्वास

**३.१ यस कार्यालयले दिने सेवाप्रति तपाई कतिको विश्वस्त हुनुहुन्छ ?**

विश्वस्त (१३)	ठीकै (३०)	अविश्वस्त (१३)

**३.२ कार्यालय प्रदान गरेको सेवाको वारेमा अरुलाई जानकारी गराई कत्तिको प्रचार गर्नुभएको छ ?**

धेरै (२८)	ठीकै (२२)	विश्वास छैन (६)

**३.३ यस कार्यालयमा कार्यरत कर्मचारी प्रति तपाईको विश्वास कत्तिको छ ?**

धेरै (३)	ठीकै (५३)	विश्वास छैन (०)

**३.४ यस कार्यालयले विपन्न वर्गको लागि छुट्याएको सेवा प्रयोग गरेको थाहा पाउनु भएको छ ?**

छ (३३)	छैन (२१)	अलि अलि थाहा छ (२)

## ४.सेवाको गुणस्तर

**४.१ यस कार्यालयबाट सेवा लिदा कार्यालयले दिएको जानकारीबाट कत्तिको सन्तुष्ट हुनुहुन्छ ?**

सन्तुष्ट (३०)	कम सन्तुष्ट (१८)	असन्तुष्ट (८)

**४.२ तपाई यस कार्यालयमा आउँदा कसको सहयोग लिनुभयो ?**

आफै (२९)	गाउँका ठुलावडाको (२१)	जनप्रतिनिधि वा मध्यस्थकर्ता (६)

## ५. सेवा सम्वन्धी जानकारी

**५.१ कार्यालयको भौतिक अवस्था कस्तो छ ?**

अति राम्रो (२८)	ठिकै (२८)	नराम्रो (०)

**५.२ कार्यालयमा भएको नागरिक वडापत्र बारे तपाईलाई जानकारी छ ?**

छ (२४)	आँशिक जानकारी छ (२३)	कुनै जानकारी छैन (९)

**५.३ कार्यालय र सेवाग्राही वीचको सम्बन्ध कस्तो छ ?**

अति राम्रो (२८)	ठिकै (१८)	खासै राम्रो छैन (१०)

**५.४ संचालन गरिने सार्वजनिक कार्यक्रममा सीमान्त वर्गको उपस्थिति कति प्रतिशतसम्म हुने गरेको छ ?**

२० प्रतिशत (३९) ५० प्रतिशत भन्दा माथि (१०) थाहा छैन (७)

**५.५ गाउँ परिषद्मा राष्ट्रिय नीति निर्देशीका अनुसार समावेशी प्रकृतीको प्रतिनिधित्व भएको छ ?**

छ (२९) ठिकै (११) प्रतिनिधित्व साह्रै कम छ (१६)

**६.नागरिक वडापत्र/उजुरी पेटिका/गुनासो सुन्ने अधिकारी सम्बन्धमा**

**६.१ तपाईको विचारमा सेवाग्राहीले नागरिक वडापत्रको उपयोग कुन हदसम्म गरेका छन् ?**

धेरै (१६) कम (३५) गरेको छैन (५)

**६.२ तपाईको विचारमा सेवाप्रदायकहरुले नागरिक बडापत्र अनुरुप कति हदसम्म सेवा प्रदान गरेको जस्तो लाग्छ ?**

धेरै (१४) ठीकै (३५) अतिकम (७)

**६.३ तपाईको विचारमा उजुरी पेटिकाको उपयोग कुन हदसम्म भएको छ ?**

धेरै भएको छ (१३) ठीकै भएको छ (४३) भएको छैन (०)

**प्रश्नावली भाग-२**

## नागरिक प्रतिवेदन पत्र

**१. सिफारिस सम्बन्धी**

**१.१ सिफारिसको लागि चाहिने आवश्यक कागजातहरुको प्रष्ट जानकारी पाउनु भयो ?**

पाएँ (१८) ठीकै पाएँ (८) स्पष्ट पाइँन (३०)

**१.२ कुनै सिफारिसको लागि लाग्ने दस्तुर बाहेक अतिरिक्त रकम दिनु पर्‍यो ?**

दिएँ (३२) थोरै दिएँ (०) मागिएन र दिइएन पनि (२४)

**१.३ त्यहाँबाट दिने सिफारिस लिंदा कसको सहयोग लिनुभयो ?**

आफै (२३) मध्यस्थकर्ता वा जनप्रतिनिधि (३३) नेता/ ठुलावडा (०)

**१.४ राजश्व, शुल्क तथा दस्तुर को-कससँग उठाउने गर्दछन् ?**

सबैसँग कर उठाउँछन् (१८) सीमित व्यक्तिसँग मात्र कर उठाउँछन् (३८)

धेरै वक्यौता रहने गरेको छ (०)

२. **पूर्वाधार तथा सरसफाई सम्बन्धी**

**२.१ कार्यालयमा सरसफाईको अवस्था कस्तो छ ?**

राम्रो (३४) ठीकै (२२) खराव (०)

**२.२ कार्यालयमा सरसफाई सम्बन्धी गुनासो गर्दा त्यसमाथि कारवाही कत्तिको गरिन्छ ?**

तुरुन्तै हुन्छ (४२) पटक-पटक भनेपछि मात्रै हुन्छ (१४) जति भनेपनि हुन्न (०)

**२.३ तपाईको विचारमा साँगुरीगढी गाउँपालिकाले सरसफाई तथा जनस्वास्थ्य सम्बन्धी कार्यक्रम के कस्तो किसिमले गर्छ ?**

नियमित र राम्रोसँग (३१) ठीकै गर्छ (१६) नियमित रुपमा गर्दैन (९)

**२.४ तपाईको गाउँपालिकामा विकास निर्माणको स्थिति कस्तो छ ?**

राम्रो (३२) ठीकै (१७) खराब (७)

**२.५ सञ्चालन गरेका योजनाहरु कत्तिको प्रभावकारी छन् ?**

प्रभावकारी छन् (३६) ठीकै छन् (१२) प्रभावकारी छैनन् (८)

**२.६ योजनाको विल भुक्तानी दिने व्यवस्था कस्तो छ ?**

सहज (१९) ठीकै (३१) अप्ठ्यारो (६)

**२.७ योजनाहरु जाँचपास गर्दा प्राविधिकहरुलाई रकम दिनुपर्छ ?**

पर्दैन (४०) मागेरै लिन्छन् (८) रकम नदिए अप्ठ्यारो पार्छन् (८)

**२.८ योजना सञ्चालन गर्दा प्राविधिक सहयोग कत्तिको पाउनु भयो ?**

सजिलै पाइयो (३२) कहिलेकाँही पाइयो (२३) माग गर्दा पनि पाइएन (१)

**२.९ विकास निर्माणका वारेमा जानकारी माग्दा पाउनु हुन्छ ?**

सजिलै पाइन्छ (२५) सोधेपछि पाइन्छ (२८) सोधेपनि पाइदैन (३)

**२.१० स्थानीय तहको आचारसंहिता पालना भएको छ ?**

पालना भएको छ (२९) ठीकै पालना भएको (२७) कत्ति पनि पालना भएको छैन (०)

**२.११ योजना सञ्चालन गर्दा गाउँपालिकाबाट कत्तिको सहयोग पाउनु भएको छ ?**

धेरै सहयोग पाएको छु (२२) ठीकै सहयोग पाएको छु (२७) तिरुत्साहित गरिन्छ (७)

**३.यस कार्यालयको तल दिइएका विविध पक्षहरुमा तपाईको अनुभव कस्तो छ ?**

**३.१ आर्थिक श्रोत कस्तो छ ?**

आवश्यक श्रोत उपलब्ध छ (२९)    कम श्रोत उपलब्ध (२७)    अति कम श्रोत उपलब्ध (०)

**३.२ काम गर्ने प्रणाली र प्रक्रिया कस्तो छ ?**

अति सरल (१३)    ठीकै (३४)    जटिल (९)

**३.३ कार्यालयमा भएका कर्मचारीमा सीप कस्तो छ ?**

आवश्यक सीप छ (२९) आवश्यकता भन्दा कम छ (२७)    सीप निकै कम छ (०)

**३.४ गा.पा र न.पा.को आम्दानी र खर्च बाहिर सूचना पाटीमा टाँसेको देख्नु भयो ?**

टाँसेको देखेको छु (३३)    कहिले काही टाँसेको देखिन्छ (२३)    खै कतै देखिएन (०)

**३.५ कार्य सम्पन्नको आधारमा मूल्याङ्कन भएको छ कि छैन ?**

छ (२९)    ठीकै मूल्याङ्कन हुने गरेको छ (२७)    कहिले पनि भएको थाहा छैन (०)

**३.६ वर्तमान कार्य सञ्चालन संरचना प्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ?**

सन्तुष्ट (१३)    ठीकै (४३)    कुनै जानकारी छैन (०)

**४.पारदर्शिता सम्बन्धी**

**४.१ गाउँपालिकामा सार्वजनिक सुनुवाई कार्यक्रम हुन्छ कि हुँदैन ?**

हुन्छ (०)    हुँदैन (४५)    कार्यक्रम बारे कुनै जानकारी छैन (११)

**४.२ गाउँपालिकामा सार्वजनिक परीक्षण कार्यक्रम हुन्छ कि हुँदैन ?**

हुन्छ (५)    हुँदैन (३३)    कार्यक्रम बारे कुनै जानकारी छैन (१८)

**४.३ गाउँपालिकामा वार्षिक रुपमा सामाजिक परीक्षण हुन्छ कि हुँदैन ?**

हुन्छ (२२)    हुँदैन (१८)    कार्यक्रम बारे कुनै जानकारी छैन (१६)

**४.४ सार्वजनिक सुनुवाईमा गरिएका प्रतिवद्धता कत्तिको कार्यान्वयन भएको छ ?**

धेरै (२)    ठीकै (१०)    कम (४४)

**४.५ सार्वजनिक सुनुवाईको अनुगमन गर्ने संयन्त्रको विकास भएको छ ?**

संयन्त्र वनेको छ (३३)   कुनै संयन्त्र वनेको छैन (१३)    कुनै जानकारी नै छैन (१०)

**४.६ यस कार्यालयको वार्षिक नीति, कार्यक्रम र श्रोतका बारेमा जानकारी पाउनु भएको छ ?**
धेरै जानकारी पाएको छु (९)    ठीकै जानकारी पाएको छु (२०)  कम जानकारी पाएको छु (२७)

अनुसूची-३

**बहिर्गमित अभिमत (Exit Poll)**

बुँदा नम्बर ३.४.१ सँग सम्वन्धित

**१) सेवाग्राहीको लिङ्ग :-** पुरुष : २९ महिला : २७

**२) जात :** **३) उमेर :** **४) शिक्षा :**

**५) कार्यालयसम्म आइपुग्दाको समय :**

**६) यस कार्यालयको काममा मात्र आउनु भएको वा अन्य कामको लागि पनि**

**७) कार्यालयमा देहायको कुन कामको लागि आउनु भएको ? रेजा (✓) चिन्ह दिनुहोस् ।**

(क) सिफारिस लिन/पुऱ्याउन-१५

(ख) दर्ता/नविकरण-११

(ग) आर्थिक सहयोग लिन-०

(घ) योजना माग गर्न-०

(ङ) योजनाको किस्ता लिन-८

(च) योजनाको मूल्याङ्कन गराउन-१२

(छ) योजनाको अन्तिम भुक्तानी लिन-१०

(ज) स्थानीय तहले राखेको सूचना प्राप्त गर्न-०

(झ) सूचनामूलक सामाग्री प्राप्त गर्न-०

(ञ) अन्य कुनै भए-०

| सि.नं | सेवाको नाम | मुल्यांकन उपयूक्त कोठामा रेजा (✓) लगाउनु होस् | | |
|---|---|---|---|---|
| १ | कार्यालयमा सेवा लिन कोसँग सम्पर्क गर्ने भन्नेमा तपाईलाई स्पष्ट जानकारी भयो ? | अति स्पष्ट | ठीकै<br>**५६** | अस्पष्ट |
| २ | सेवाप्रदायक कर्मचारीले तपाईको आवश्यकता र अपेक्षा कति वुझ्रे जस्तो लाग्यो ? | अति धेरै | ठीकै<br>**३७** | थोरै<br>**१९** |
| ३ | तपाई प्रति सेवा प्रदायक कर्मचारी र जनाप्रतिनिधिले कस्तो व्यवहार गरे ? | मिलनसार र मैत्रीपूर्ण ९ | ठीकै<br>**४७** | अभद्र/अमर्यादित |
| ४ | सेवा प्राप्त गर्न आवश्यक सूचनाहरु (प्रमाण-कागजात र शुल्क दस्तुर) बारे तपाइलाई सेवाप्रदायक कर्मचारी तथा जनप्रतिनिधिले स्पष्ट गरे कि ? | अति स्पष्ट गरिदिए | ठीकै<br>**५६** | अलमल्ल हुने गरी अस्पष्ट सूचना दिए |
| ५ | तपाईले राख्नुभएका समस्यालाई के-कस्तो समाधान दिए ? | अति सजिलो तरिकाबाट समाधान दिए | ठीकै<br>**५६** | समाधान दिन सकेनन् |
| ६ | सेवा प्राप्त गर्न अपनाइएको प्रक्रिया के-कस्तो लाग्यो ? | अति सजिलो (छोटो) | ठीकै<br>**५६** | लामो र झन्झटिलो |

**कार्यालयको कुन-कुन पक्षमा धेरै राम्रो लाग्यो, कुन-कुन पक्षलाई सुधार गर्नुपर्ने देखियो ?**

| राम्रा लागेका कुराहरु | सुधार गर्नुपर्ने बिषयहरु |
|---|---|
| • गाउँपालिकामा सरसफाईको अवस्था राम्रो छ । साथै कर्मचारीहरुबाट पनि प्रेरणा मिलेको छ ।<br>• जनप्रतिनिधि र सेवा प्रदायक कर्मचारीहरुले जनभावनको कदर गर्दै उपयुक्त कार्यहरु गर्नुभएको छ ।<br>• विकास निर्माणका कार्यहरुलाई पारदर्शी गरिएको छ ।<br>• विकासमा आयोजनाहरु सही रुपमा संचालन गरिएको छ ।<br>• गाउँपालिकावाट संचालित योजना तथा कार्यक्रमहरु नियमित अनुगमन हुने गरेको छ ।<br>• समस्याको गुनासो सुन्ने गरिएको छ ।<br>• सहज तरिकाले कार्यासम्पादन हुन्छ ।<br>• गाउँपालिका अध्यक्ष तथा उपाध्यक्ष नियमित रुपमा कार्यालयमा भेट हुन्छ ।<br>• विगतको भन्दा अहिले योजना शाखामा काम गर्न सहज छ ।<br>• कार्यालय प्रमुखलाई सहज तरिकाले भेट गर्न पाइन्छ । | • तालिममा जाँदा आफुले सोधेको कुरा राम्रोसँग नवोलिदिने ।<br>• समयको निश्चित नहुने ।<br>• गाउँपालिका आउने सेवाग्राहीहरुलाई समान व्यवहार होस् ।<br>• गाउँपालिका आएका सेवाग्राहीको कुराहरुको सुनुवाई हुनुपर्‍यो ।<br>• क्यान्टिनमा खाना र खाजामा सुधार हुनु पर्‍यो ।<br>• सभाहल/तालिम हल सानो र साँघुरो रहेको छ ।<br>• सेवाग्राहीको गुनासोलाई सुनवाई गर्नु पर्‍यो ।<br>• कार्यालय परिसरमा रहेको सोधपुछ कक्षमा गएर सेवाग्राहीले सोधपुछ गर्दा कर्मचारी झर्किनु भएन ।<br>• सबैलाई समान रुपले व्यवहार गरिनुपर्ने ।<br>• स्थानीय क्षेत्रमा विद्यमान अवस्थाहरुको मध्यमजर राखी सेवालाई थव विस्तार गरे अझ राम्रो हुने थियो ।<br>• सेवाग्राहीहरुलाई सर्वसुलभ रुपमा सेवा दिनुपर्ने ।<br>• आज हुने कामलाई ढिलासुस्ती गर्न नहुने ।<br>• गाउँपालिका र वडा कार्यालयले योजना निर्माण गर्दा विद्यालयलाई पनि जानकारी गराई वैठकमा सहभागी गराउनु पर्ने ।<br>• शिक्षकको तलव समयमै निकास हुनुपर्ने ।<br>• जनभावना अनुरुप विकास गर्नु अझ राम्रो । दिगो विकासलाई अवलम्वन गर्दा धेरै राम्रो । प्राथमिकताका आधारमा योजना तथा कार्यक्रम छनोट गर्दा धेरै राम्रो ।<br>• चिनजान हुँदा मात्र काम सहज तरिकाले हुने गर्छ । नत्र काम गर्न असहज हुन्छ । |

**तपाईले साँगुरीगढी गाउँपालिकाबाट आगामी दिनमा के-कस्ता योजना तथा कार्यक्रमको अपेक्षा राख्नु भएको छ ?**

१. सेवाग्राहीको कामलाई सहज गराउन हेल्प डेक्सको स्थापना होस् ।
२. पालिकाभरिका सडकलाई वाह्रैमास संचालन हुने गरि व्यवस्था मिलाउनु आवश्यक छ ।
३. विकास निर्माण तथा योजना सबै वडामा समान ढंगले हुनु पर्‍यो ।
४. भेडेटार-महाभारत-आहाले-वराहक्षेत्र सडकलाई साँगुरीगढी गाउँपालिकाले चासो नदिएकोमा विशेष चासोका साथ ठेकेदारलाई कारवाहीका साथ निर्माण प्रकृयामा निरन्तरता दिएको भएका राम्रो हुने थियो ।
५. कृषिलाई प्राथमिकताका साथ कोल्ड स्टोर देखि लिएर कृषि जोन अनुसार योजना निर्माण गरि बजेट विनियोजन गर्दा राम्रो हुने थियो ।
६. विर्खेटोल मुनिको वाटो पहिरोग्रस्त क्षेत्र हो । यो कहिले निर्माण सुरु हुन्छ । उक्त पहिरोको कारण वस्ती जोखिम रहेको छ । गाउँपालिकाले छिट्टै योजना संचालन गर्ने अपेक्षा राखेका छौं ।
७. हिउदको समयमा माघ देखि जेठ सम्म खानेपानी समस्या हुन्छ । खानेपानीको दिगो समस्या समाधानका लागि गाउँपालिकाको तर्फमा योजना संचालन हुने अपेक्षा राखेका छौं ।
८. गाउँपालिकाले दिने सेवा सुविधालाई जातीय, वर्गी, लैगिक रुपमा विभेद नगरी समान रुपमा सेवा सुविधा दिनुपर्ने ।
९. कुनै पनि सेवाग्राहीलाई उचित परामर्श, सुझाव, सल्लाह दिनुपर्ने ।
१०. कुनै पनि कामलाई ढिला सुस्ती गर्न नहुने ।
११. सार्वजनिक सुनुवाई कार्यक्रमको अपेक्षा राखेका छौं ।
१२. योजना तथा कार्यक्रमको अनुगमन गरी समयमा निकासाको अपेक्षा राखेका छौं ।
१३. शिक्षकहरुको मूल्याङ्कन गरि मर्यादित वातावरणको सृजना होस् ।

साँगुरीगढी गाउँपालिका वडा नं. ७ महाभारतमा आयोजित सार्वजनिक सुनुवाई कार्यक्रमको झलक










गाउँपालिकाले दिने सेवा प्रवाहका विषयमा
सार्वजनिक सुनुवाई कार्यक्रम
आ.ब. २०७९/०८०
साँगुरीगढी गाउँपालिका वडा नं. ७, महाभारत




गाउँपालिकाले दिने सेवा प्रवाहका विषयमा
सार्वजनिक सुनुवाई कार्यक्रम
आ.ब. २०७९/०८०
साँगुरीगढी गाउँपालिका वडा नं. ७, महाभारत
















गाउँपालिकाले दिने सेवा प्रवाहका विषयमा
सार्वजनिक सुनुवाई कार्यक्रम
आ.व. २०७९/०८०
साँगुरीगढी गाउँपालिका वडा नं. ७, महाभारत


गाउँपालिकाले दिने सेवा प्रवाहका विषयमा
सार्वजनिक सुनुवाई कार्यक्रम
आ.व. २०७९/०८०
साँगुरीगढी गाउँपालिका वडा नं. ७, महाभारत





सौंगुरीगढी गाउँपालिकाको आयोजना तथा बिडाकि मिडिया एण्ड रिसर्च सेन्टर धनकुटाको सहजीकरणमा गाउँपालिकाले दिने सेवा प्रवाहको विषयमा सौंगुरीगढी गाउँपालिका वडा नं.- 6 मा आयोजित सार्वजनिक सुनुवाई कार्यक्रमको उपस्थिति

मिति: २०८० असार १३ गते मंगलवार

| क्र.सं | नाम | पद | कार्यालय | हस्ताक्षर |
|---|---|---|---|---|
| १) | जितेन्द्र राई | अध्यक्ष | सौंगुरीगढी गा.पा | |
| २) | गुणा राई | उपाध्यक्ष | सौंगुरीगढी गा.पा | |
| ३) | पूर्णप्रसाद राई | वडाध्यक्ष | सौंगुरीगढी गा.पा-6 | |
| ४) | मनोजकुमार ठाकुर | प्रमुख प्रशासकीय अधिकृत | सौंगुरीगढी गा.पा | |
| ५) | दीपा राई | योजना तथा प्रशासन शाखा प्रमुख | सौं.गा.पा | |
| ६) | सुविध कुमार भट्टराई | लेखापाल | सौंगुरीगढी गा.पा | |
| ७) | हरिलाल शाह | प्र.अ | खोलखर्की मा.वि | |
| ८) | कुमारी वि.क. | स्थानीय | | कुमारी बिक |
| ९) | देवेन्द्र राई | ने.कां. वडा सभापति | | देवेन्द्र |
| १०) | लक्ष्मी चौधरी | 6 नं. वडा सचिव | | |
| ११) | वीर बहादुर राई | डां गो. मा.वि. शिक्षक | | |
| १२) | तिर्थराज लिम्बू | | | |
| १३) | माया शेर्पा | | | |
| १४) | सुरज राई | | | Suraj Rai |
| १५) | असिम याखा | | | Ashim Jakha |
| १६) | सुदिक्षा राई | | | Sudiksha Rai |
| १७) | मनिषा राई | | | Manisha. |
| १८) | विष्णु बहादुर राई | | | |
| १९) | पञ्चल राई | | | |
| २०) | स्नेहा राई | | | Sneha Rai |
| २१) | विनिता राई | | | Binita Rai |
| २२) | धनमाया राई | | | धनमाया |
| २३) | दिपा राई | | | Dipa |
| २४) | तुला राई | | | तुला राई |
| २५) | चिनाखरी राई | श्री लोकप्रिय प्रा.वि. शिक्षक | | |
| २६) | सुमन राई | उड्वा | | Suman Rai |

२७. अर्जुन कुमार राई (अ.को.)
२८. सूर्य बं. राई
२९. शिर ध्वज राई
३०. प्रताप राई
३१. बालकि राई
३२. कृष्ण कुमार राई
३३. सिमाना राई
३४. सन्ध्या राई
३५. विश्वेश्वर राई
३६. पुनम
३७. नविना कोइराला गोलबारी स्वा. चौ.
३८. पूर्ण प्रसाद राई ''
३९. जगन्नाथ राई ''
४०. मुकुन्द राई
४१. गोपाल वि.का.
४२. कृष्ण माया राई
४३. राम ध्वज राई
४४. अशोक राई
४५. करिता राई कार्यालय सहयोगी
४६. प्रमती राई
४७. जगत राई ने.क.पा. (एमाले) प्रतिनिधी
४८. खड्ग बहादुर राई वडा सदस्य
४९. पूर्णमाया राई '' ''
५०. तेज प्रसाद राई शिक्षक
५१. चन्द्र प्रसाद बराल शिक्षक
५२. बुद्धि माया राई वि. सा. का.
५३. सन्ध्या राई
५४. रियान राई
५५. तारा राई
५६. विपिन दाहाल सहजकर्ता
५७. नारायण दाहाल शिक्षक श्री गोलबारी मा.वि.
५८. श्यामबहादुर राई '' ''
५९. मोहन बहादुर राई '' ''

६०. प्रेम नारायण यादव शि॰ श्रीगोलखाड़ी मा॰ वि॰सा॰-६ [signature]
६१. रोहिणीप्रसाद सुवेदी " " " [signature]
६२. जीवन कुमारी राई " " [signature]
६३: हरिबहादुर लम्जेल किशान्ति मिडिया एण्ड रिसर्च सेन्टर [signature]